राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १९८ २०८२ फागुन ८ गते शुक्रवार (20 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## दलित र जेनजी मुद्दा नसमेटिए बहिष्कारको चेतावनी




काठमाडौं ७ फागुन । फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले सार्वजनिक गरेका घोषणापत्रमा दलित, अल्पसंख्यक तथा जेनजी युवाका मुद्दा समावेश नगरिएको भन्दै सरोकारवालाहरूले चुनाव बहिष्कारको चेतावनी दिएका छन्।
बुधबार राजधानीको संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा उनीहरूले यस्ता उम्मेदवारविरुद्ध बहिष्कार अभियान सञ्चालन गरिने घोषणा गरेका हुन्।
जेनजी अगुवा विवेक थापाले 'नयाँलाई भोट' भन्ने नारामाथि प्रश्न उठाउँदै लामो समयदेखि सत्तामा रहेका दलहरूलाई नयाँ भन्न नसकिने बताए। दलित मुक्तिको नाममा सहकारी ठगी प्रकरणमा मुछिएका व्यक्तिसँग सहकार्य गर्ने प्रवृत्तिप्रति उनले आपत्ति जनाए। उत्पीडित, दलित तथा पछाडि पारिएका वर्गका मुद्दा उठाउने दललाई मात्र समर्थन गर्न उनले आग्रह गरे।
५३ दिन अनशन बसेकी जेनजी अभियन्ता सरिस्मा थापाले जेनजी आन्दोलनपछि बनेको सरकारले आन्दोलनका माग सम्बोधन नगरेको आरोप लगाइन्। ५३ दिनसम्म धर्ना बसेर खबरदारी गरे पनि मागहरू कागजी दस्तावेजमै सीमित गरिएको उनको भनाइ थियो। "जेनजी युवाको आँखामा पट्टी बाँधेर भोट हाल्न लगाइँदैछ, त्यो हामीलाई स्वीकार्य छैन," उनले भनिन्, "जेनजी आन्दोलनको जगमा बनेको सरकारले जेनजीका माग सम्बोधन गर्न सकेको छैन।"
भदौ २३ र २४ गतेका घटनाबारे सत्य सार्वजनिक नगरेसम्म मतदान नगर्ने चेतावनी दिँदै उनले जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नगरी निर्वाचन गरिनु अर्थपूर्ण नहुने बताइन्।
दलित गैरसरकारी महासंघका

*बाँकी ३ पृष्ठमा*

## पेस्तोल पड्किँदा १५ वर्षीय बालक घाइते

दैनिक समाचारदाता
सर्लाही, ७ फागुन । सर्लाहीको सदरमुकाम मलङ्गवामा आज गोली लागेर एक बालक घाइते भएका छन्। मलङ्गवा नगरपालिका-४ निवासी रामविश्वास रामका १५ वर्षीय छोरा आकाश राम घाइते भएका हुन्।मलङ्गवा-४ स्थित 'ढाकाबोर्डर' भनिने स्थानमा फेला परेको बेवारिसे पेस्तोल खेलाउने क्रममा बालक घाइते भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। उनका अनुसार बालकको



दाहिने हातको पञ्जामा गोली लागेको छ।
ढाकाबोर्डरस्थित निर्माणाधीन हनुमान मन्दिरको कुनामा रातो कपडाले बेरिएको वस्तु खोली हेर्दा पेस्तोल भेटिएको र नक्कली होला भन्ने ठानेर चलाउँदा पड्किएपछि घटना भएको प्रहरीले जनाएको छ।
घाइते बालकको प्रादेशिक अस्पताल मलङ्गवामा उपचार भइरहेको छ र अवस्था खतरामुक्त रहेको जनाइएको छ।
गत फागुन ३ गते राति मलङ्गवामै अज्ञात व्यक्तिको गोली प्रहारबाट भौतिक पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब-इञ्जिनियर प्रमोदकुमार यादवको हत्या भएको थियो। उक्त घटनामा प्रयोग भएको हतियार पनि हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान अगाडि बढाएको जनाएको छ।

## आचारसंहिता उल्लङ्घनप्रति गम्भीर बन्न आग्रह

**वीरेन्द्र कर्ण**
जनकपुरधाम, ७ फागुन । निर्वाचन आचारसंहिताका संयोजक तथा निर्वाचन अधिकृत सुभाषबाबुले ग्रामीण क्षेत्रमा व्यापक रूपमा आचारसंहिता उल्लङ्घन भइरहेको भन्दै यसतर्फ दल तथा उम्मेदवारहरू गम्भीर बन्नुपर्ने बताएका छन् ।
राष्ट्रिय समाचार समिति (रासस) मधेश प्रदेशद्वारा आयोजित ६५औँ वार्षिकोत्सव समारोह तथा "निर्वाचन आचारसंहितामा सञ्चार क्षेत्रको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले निर्वाचन आयोगले तोकेको




मापदण्डभित्र रही प्रचार(प्रसार गर्न आग्रह गरे । उनले पोस्टर, पम्प्लेटलगायत प्रचार सामग्रीको साइजसमेत आयोगले निर्धारण गरेको मापदण्डअनुसार हुनुपर्ने स्पष्ट पारे । सो अवसरमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले दल तथा उम्मेदवारहरूले भारतीय सवारीसाधन प्रयोग गर्दा मानिस बोक्न नपाइने बताए ।
रासससका प्रदेश प्रमुख सुरेश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पूर्ण गुप्ता, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेश यादव, रासस महोत्तरी समाचारदाता गोपाल बराललगायत वक्ताहरूले केही उम्मेदवारले डमी उम्मेदवारको नाममा सवारीसाधन दुरुपयोग गर्ने, नाराजुलुसमा बालबालिकाको प्रयोग गर्ने जस्ता गतिविधि भएको भन्दै निर्वाचन आयोगको ध्यानाकर्षण गराएका छन् ।

## पाँच वर्षमा १५ लाखलाई रोजगारी : काँग्रेस



दैनिक समाचारदाता
काठमाडौं ७ फागुन । नेपाली कांग्रेसले आफ्नो चुनावी प्रतिज्ञापत्रमा ५ वर्षमा १५ लाख जनालाई रोजगारी सिर्जना गर्ने घोषणा गरेको छ ।
सभापति गगनकुमार थापाले यसबारे जानकारी गराउँदै भने, '५ वर्षमा १५ लाख रोजगारी सिर्जना गर्न सक्छौं । कुन सेक्टरमा कति भन्ने हामीले योजना बनाएका छौं ।'
उनले युवाहरूले उद्यम गर्न चाहे पनि बिउ पुँजी नपाउँदा समस्या भएकोले यसको विकल्प कांग्रेसले सोचिसकेको बताए । 'अहिले योजना भएको युवाले बिउ पुँजी पाएको छैन । युवाहरूले बिनाधितो ऋण पाउने व्यवस्था मिलाउनुपर्छ । परियोजनामा आधारित ऋण दिन्छौं भनेका छौं तर कसरी के भनेका छैनौं,' उनले भने ।


## फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं।

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुयाउनु सबै नागरिकको कर्तव्य हो।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

*फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# नाराभन्दा कार्यान्वयनको परीक्षा

नेपाली काँग्रेसले आफ्नो चुनावी एजेण्डालाई समेटेर प्रतिज्ञापत्र नाम दिएको छ । यो अरु पार्टीभन्दा फरक हो । प्रतिज्ञापत्रमा १०वटा भिजन सार्वजनिक गरेका हुन । त्यो भिजनलाई टिभ नेपाल गठन गरी पाँच वर्षभित्रमा जुन काम गर्ने लक्ष्य लिएको छ त्यो उसको राम्रो पक्ष हो ।

पार्टीका सभापति गगन थापाले पाँच वर्षभित्र कुशासन र गरिबी अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनको भनाइको सार स्पष्ट छ(एक्लै कुनै दल वा नेतृत्वले परिवर्तन सम्भव छैन; वडादेखि केन्द्रसम्मका सरकार, सबै राजनीतिक दल र सामाजिक शक्तिलाई समेटेर अघि बढ्नुपर्छ । यो अवधारणा आकर्षक मात्र होइन, आजको जटिल राजनीतिक(आर्थिक सन्दर्भमा अनिवार्य पनि देखिन्छ । तर, प्रश्न उस्तै गम्भीर छ(के यो संकल्प भाषणमै सीमित रहन्छ कि कार्यान्वयनको कठोर परीक्षामा सफल हुन्छ?

नेपालले संघीयता कार्यान्वयनको करिब एक दशक पार गरिसकेको छ । अधिकारको बाँडफाँट, स्रोत(साधनको समन्वय, र जिम्मेवारीको स्पष्टता अझै पूर्णतः संस्थागत हुन सकेको छैन। यस्तो अवस्थामा 'टिम नेपाल' जस्तो समन्वयमुखी अवधारणा स्वागतयोग्य हो। सहकार्यको राजनीति, साझा न्यूनतम कार्यक्रम, र उत्तरदायित्वको स्पष्ट संरचना(यी तीन आधारमा मात्र सुशासन सम्भव हुन्छ। यदि प्रतिज्ञापत्रमा उल्लेखित प्रतिबद्धता सभापतिदेखि क्रियाशील सदस्यसम्मले समान रूपमा पालना गर्ने संस्कार बसाल्न सकियो भने त्यो नेपाली राजनीतिमा सकारात्मक मोड हुन सक्छ ।

कुशासन र गरिबी अन्त्यको वाचा भने चुनौतीपूर्ण छ । नेपालमा गरिबीको स्वरूप बहुआयामिक छ(रोजगारी अभाव, कृषिको कमजोर उत्पादकत्व, शिक्षा(स्वास्थ्यमा असमान पहुँच, र प्रशासनिक अपारदर्शिता। यी समस्या समाधान गर्न नीतिगत निरन्तरता, भ्रष्टाचारमाथि शून्य सहनशीलता, र सेवा प्रवाहमा डिजिटल पारदर्शिता अनिवार्य हुन्छ। 'कांग्रेसले आजका समस्या समाधान गर्छ र भोलिको विकासतर्फ देशलाई अघि बढाउँछ' भन्ने दाबी तब विश्वसनीय बन्छ, जब बजेट विनियोजनदेखि ठेक्का(प्रक्रियासम्म खुलापन र समयसीमा पालना सुनिश्चित गरिन्छ । थापाले प्रत्येक नेपाली सम्मानपूर्वक बाँच्न पाउने वातावरण, किसानलाई आत्मनिर्भर बनाउने, शिक्षा र स्वास्थ्य सेवा सहज बनाउने प्रतिबद्धता जनाएका छन्। किसान आत्मनिर्भरता भनेको केवल अनुदान होइन; बजार पहुँच, भण्डारण, बीमा, र मूल्य स्थिरताको समग्र प्याकेज हो। शिक्षा(स्वास्थ्यमा "छोराछोरी पढाउँदा ऋण लिनु नपरोस्, उपचार गराउँदा डर मान्नु नपरोस्" भन्ने वाक्य भावनात्मक छ, तर त्यसका लागि सार्वजनिक विद्यालय(अस्पतालको गुणस्तर उकास्ने दीर्घकालीन योजना चाहिन्छ। निजी क्षेत्रसँगको सहकार्य, स्वास्थ्य बीमा सुधार, र शिक्षक(स्वास्थ्यकर्मी व्यवस्थापनमा राजनीतिक हस्तक्षेप न्यूनिकरण नगरी लक्ष्य पूरा हुँदैन । त्यसैले यसलाई परीक्षा नै भन्नुपर्दछ ।

# राष्ट्र, चेतना र अस्तित्व



सत्यराज जोशी

राष्ट्र केवल शासन प्रणालीले मात्र जीवित हुँदैन । न त राष्ट्र कुनै संविधानको अक्षर, कुनै संस्थाको भवन वा कुनै सत्ताको औपचारिक संरचनामा सीमित हुन्छ । राष्ट्र त साझा स्मृतिले बाँच्दछ, साझा पीडाले परिपक्व हुन्छ, साझा चेतनाले दिशा पाउँछ र साझा उत्तरदायित्वले सुरक्षित रहन्छ । त्यसैले होला हाम्रो वैदिक सनातन चिन्तनले राज्यलाई 'सहजीवनको धर्म'को रूपमा विवेचित गरेको छ ।

जहाँ शासक, जनता, भूगोल, संस्कृति, इतिहास, प्रणाली, विधिर चेतना एकअर्कामा गाँसिएर मात्र राष्ट्रको आत्मा जीवित रहन्छ । यही कारण राष्ट्रनिर्माण कुनै एक व्यक्ति, एक सरकार वा एक पुस्ताको काम होइन। यो त निरन्तर पुस्तागत उत्तरदायित्व हो । हरेक नागरिकको साझा अभिभारा हो ।

नागरिकको चेतनामा राष्ट्रको साझा बोध र जिम्मेवारी रोप्नु राष्ट्र निर्माणको सार हो । मानव विकासशास्त्रको इतिहासले पनि कुनै पनि समाज/राष्ट्र वा देशको पहिचान त्यो राष्ट्रको नागरिकको चेतनाको एकीकृत फलनले निर्धारण गर्ने विषय स्थापित गरेको छ । अर्थात् पाश्चात्य दार्शनिक प्लेटोको भने जस्तै; 'कुनै पनि राज्य रुख वा चट्टानबाट बन्दैन, बरु त्यो त्यहाँ बसोबास गर्ने मानिसको चरित्रबाट बन्दछ ।'

अतः व्यवहारमा राष्ट्रप्रतिको निष्ठा, विचारमा स्वाधीनता, चरीत्रमा इमानदारीता र कर्ममा उत्तरदायित्व स्थापित भए देश निर्माण सम्भव हुन्छ । सत्य यही हो र सबैले यसलाई गहिरोसँग बुझ्न अब ढिला भइसकेको छ ।

### *विश्व भूराजनीति : अस्थिरताको आँधीमा साना राष्ट्र*

आजको विश्व गहिरो भूराजनीतिक संक्रमणमा छ । दोस्रो विश्वयुद्धपछिको शक्तिसन्तुलन क्रमशः भत्किँदै गएको छ । रुस-युक्रेन युद्ध, मध्यपूर्वको निरन्तर द्वन्द्व, अमेरिकी प्रभाव क्षेत्रका टकरावहरू यी सबै केवल क्षेत्रीय घटना मात्र सिमित देखिन्नन् । बरु, विश्व शक्ति पुनर्संरचनाका संकेतका रुपमा देखिँदैछन् । दुर्भाग्यवश, विश्वका प्रायः सबै युद्धभूमिमा नेपालीको रगत बगिरहँदा हामी आफ्नै भूमिमा राष्ट्रबोधको गम्भीर संकट झेलिरहेका छौं ।

इतिहास साक्षी छ; नेपाली सधैं विश्वशान्तिका लागि लडेका छन् । प्रथम, दोस्रो विश्वयुद्धदेखि रुस-युक्रेन युद्धसम्म हजारौं नेपालीजनले रगत-पसिना बगाए । गोर्खा सैनिकको साहस बेलायतदेखि सिङ्गापुर, अरबदेखि युरोप, भारतदेखि मध्यपूर्वसम्म इतिहासमा अंकित छ । तर आज प्रश्न उठ्छ; जब हामी अरूका युद्ध लडिरहेका छौं, के हामी आफ्नै राष्ट्र-चेतनालाई जोगाउन सफल भएका छौं त ?

विश्व भूराजनीतिक क्षितिजमा पछिल्ला वर्षहरुमा बंगलादेश, श्रीलंका, म्यानमार, प्यालेष्टाइन, युक्रेनदेखि भेनेजुएलासम्म देखापरेका राजनीतिक, आर्थिक, वातावरणीय तथा सामाजिक संकटहरूले एउटा कठोर तर निर्विवाद सत्य उजागर गरेका छन् । त्यो हो; जब अल्पविकसित र कमजोर क्षमता भएका राष्ट्रहरू आन्तरिक रूपमा खण्डित हुन्छन् तब उनीहरू बाह्य शक्ति, स्वार्थ र प्रभावको प्रयोगशाला बन्न धेरै समय लाग्दैन ।

क्षेत्रीय स्थिरताको आधार मानिएको सार्क क्षेत्रकै अधिकांश मुलुकहरू निरन्तर अस्थिरताको चक्रमा फसिरहनु र विश्व भूराजनीतिका दुई प्रमुख शक्तिकेन्द्रबीच "दुई ढुङ्गाबीचको तरुल" जस्तो संवेदनशील भूबनोटभित्र हाम्रो देश रहनु स्वयंले नै अब हामीलाई आत्ममुग्धताबाट बाहिर निस्केर गहिरो, इमानदार, सत्य आधारित र राष्ट्रियहित केन्द्रित आत्मसमीक्षा गर्न बाध्य पारिरहेको छ । नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थाको देशका लागि यो चेतावनी झनै गम्भीर छ ।

राष्ट्रको आत्मरक्षा दर्शन यस्तो गम्भीर, तरल र निरन्तर अस्थिर बन्दै गएको विश्व भूराजनीतिक परिवेशमा नेपालजस्तो सानो तर अत्यन्त संवेदनशील राष्ट्रको दीर्घकालीन अस्तित्व कुनै तात्कालीक नारा, आयातित वैचारिक प्रयोग वा क्षणिक भावनात्मक उन्मादबाट सुरक्षित हुन सक्दैन भन्ने सत्य अब बहसको विषय रहेन । यो एक निर्विवाद ऐतिहासिक निष्कर्षका रूपमा स्थापित भइसकेको छ ।

यस्तो अवस्थामा राष्ट्रको संरक्षण र भविष्यको सुनिश्चितताका लागि सबै नेपालीजनले क्षणिक राजनीतिक आग्रहभन्दा माथि उठेर दीर्घकालीन राज्यदर्शनको अवलम्बन गर्नैपर्ने निर्णायक घडी आइपुगेको अवस्था हाम्रासामु छ । राष्ट्रको आत्मबोधबाट निर्देशित, इतिहासद्वारा परीक्षित र यथार्थका कठोर पाठहरूले प्रमाणित स्पष्ट मार्गको पहिचान गरी त्यसै मार्गमा दृढतापूर्वक अघि बढ्नु अब विकल्पको प्रश्न होइन । यो हाम्रो विकल्पहीन धरातलीय बाध्यता हो ।

विचारधारात्मक आग्रह वा राजनीतिक पूर्वाग्रह जुनसुकै कोणबाट व्याख्या-विश्लेषण गरिए पनि राष्ट्रको अस्तित्व, स्वाधीनता र सन्तुलनका लागि अब राष्ट्र निर्माता पृथ्वीनाराण शाहले कोरेको मार्गमा हामी हिँड्नै पर्छ । यहाँ स्पष्ट बुझ्नुपर्ने कुरा के हो भने, पृथ्वीपथ कुनै राजनीतिक वाद होइन । यो कुनै दलगत विचारधारा पनि होइन । न त कुनै शासन प्रणालीको सैद्धान्तिक बहस यसका विषय हुन् । बरु यसले कोरेको दृष्टि नेपाल राष्ट्रको आत्मरक्षा कवच/दर्शनको रुपमा देखिएको छ । स्वाधीनता, सन्तुलित/असंलग्न तर विवेकपूर्ण कूटनीति, आन्तरिक एकता, माटो आधारित अर्थतन्त्र, सामाजिक चरीत्रमा इमानदारीता र आत्मनिर्भर राष्ट्रिय चेतनाको समग्र दृष्टि यसका मार्गनिर्देशक सिद्धान्त हुन् ।

खासमा "दुई ढुंगाबीचको तरुल" भन्ने पृथ्वीनारायण शाहको उपमा कुनै भावुक चेतावनी वा कमजोर मनोबिम्ब थिएन । बरु, त्यो त समयभन्दा धेरै अगाडि गरिएको भूराजनीतिक यथार्थको गहिरो, वैज्ञानिक र रणनीतिक विश्लेषण थियो भनेर पुनः पुष्टि हुँदै गएको छ ।

पृथ्वीनारायण शाहले कोरेको मार्गलाई क्षणिक राजनीतिक उत्तेजनाको चस्माबाट हेर्नु विचारको दरिद्रतामात्र होइन, त्यो इतिहास माथिको सरलीकृत हिंसा पनि हो । किनकी, यसको धरातल कल्पित घोषणापत्रमा होइन, सभ्यताको दीर्घ स्मृतिबाट उदाएको राष्ट्रिय आत्मबोधको निनादमा भेटिन्छ । यसलाई संकुचित वैचारिक खेमामा थुन्न खोज्नु भनेको हामीले आफ्नै आत्मचेतनालाई आरोपित व्याख्याको कारागारमा बन्द गर्नु सरह हो ।

उहाँले कोरेको मार्ग सत्ता-संरक्षणको आग्रह होइन, राष्ट्र संरक्षणको अन्तर्दाह भेटिन्छ । त्यसैले, पृथ्वीनारायण शाह कुनै दल विशेष वा विचारवादका राजा होइनन्, उनी सम्पूर्ण देश निर्माणका ऐतिहासिक नेतृत्वकर्ता हुन् । देशलाई साझा फूलबारी ठान्ने उहाँले कोरेको मार्गको अनुसरण गर्नु अपराध होइन, बरु हरेक नेपालीले इतिहासप्रति देखाउनुपर्ने विवेक, राष्ट्रप्रति व्यक्त गरिने उत्तरदायित्व र भावी पुस्ताप्रति गरिने जिम्मेवार संकल्प हो भनेर हामीले बुझ्नुपर्छ ।

वर्तमान नेपालको राजनीतिक अवस्थालाई नियाल्दा देश नियमित र सुरक्षित अवस्थामा छ भन्न सकिने अवस्था छैन । भाद्र २३ र २४ पछि उत्पन्न संकट अझ इतिहासमा अविश्वसनीय र चिन्ताजनक छ ।

पटक-पटक खण्डित जनादेश, अस्थिर सरकार, कमजोर संस्थागत क्षमता र नागरिकमा बढ्दो निराशाले राष्ट्रको आधारभूत संरचना नै हल्लाइरहेको छ । यस्तो अवस्थामा इतिहाससँग संवाद नगरी, राष्ट्रको आत्मासँग पुनः संवाद नगरी केवल तात्कालिक राजनीतिक गणनाबाट भविष्य सुरक्षित हुन्छ भन्ने सोचियो भने त्यो भ्रम झन् घातक हुनेछ । यस्तो संवेदनशील घडीमा पृथ्वीनारायण शाहको राष्ट्रिय एकताको भावलाई इन्कार गर्ने छुट अब हामीलाई छैन ।

यही मार्गको अनुसरणले हामीसँग अंग्रेजलाई परास्त गरेको इतिहास छ । साम्राज्यवादी युगमा पनि स्वाधीनता जोगाएको गौरवगाथा छ । हामीले कसरी यो देशको अस्तित्व र हाम्रो पहिचान जोगाएको थियौं ? एकछिन सोचौ त ! उनीहरूसँग तोप थियो, आधुनिक हतियार थिए तर हामीसँग खोला थुनेर भए पनि शत्रु परास्त गर्ने अदम्य साहस थियो । हाम्रो हतियार कहिल्यै आधुनिक बन्दुक वा हतियार थिएन । हाम्रो शक्ति नै आपसी विश्वास, एकता र स्वाभिमान थियो । त्यसैलेः आज नेपाललाई परदेशी सोचले होइन, स्वदेशी चेतनाले हेर्ने समय आएको छ । इतिहासबाट मार्गदर्शन लिएर भविष्य सुरक्षित गर्नु नै बुद्धिमता हो भनेर बुझ्नुपर्छ ।

हिंसा होइन चेतना : राष्ट्र निर्माणको मूल प्रश्न गत भाद्र २३ र २४ पछि देशको अवस्था झन् गहिरो जर्जरतामा धकेलिएको छ । जेन-जेड पुस्ताको शान्तिपूर्ण आन्दोलन भनिए तापनि त्यसपश्चातका विकसित घटनाक्रम र राष्ट्रिय परिस्थितिले हामी सबैको सामु एउटा असहज तर अनिवार्य प्रश्न उभ्याएको छ; हामी वास्तवमै कुन दिशातर्फ अग्रसर हुँदैछौं ? चेतनाको पुनर्जागरण भनिएको युवापुस्ताको आन्दोलनमा समेत आगजनी, लुटपाट र राज्यका आधारभूत संस्थामाथि प्रहार गरिन्छ भने त्यो जागरण होइन; त्यो राष्ट्रको आत्मामाथि गरिएको आघात हो । यो कटु सत्य हो, जसलाई आँखा चिम्लेर बेवास्ता गर्न सकिँदैन ।

एक नेपालीले अर्को नेपालीको घर वा सार्वजनिक सम्पत्तिमा आगो लगाउँदा कुनै क्रान्ति जन्मिँदैन । अदालत, संसद, विद्यालय वा अस्पताल जस्ता सभ्यताको स्तम्भहरू ध्वस्त पारेर राष्ट्र निर्माण भएको इतिहास विश्वमा पनि कहीं छैन ।

हिंसा र विनाशले क्षणिक उन्माद सिर्जना गर्न सक्छ, तर दीर्घकालमा

*बाँकी ३ पुष्ठमा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

समाचार दैनिक जनकपुर

# युवालाई बेवास्ता गरे राष्ट्र शान्त हुँदैन : प्रधानमन्त्री कार्की

दैनिक समाचारदाता
काठमाडौं, ७ फागुन । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले प्रजातन्त्र आममानिसको मुहारमा झल्किनुपर्ने बताएकी छन्। युवालाई तिरस्कार गरेर कुनै पनि राष्ट्र शान्त रहन नसक्ने उल्लेख गर्दै उनले युवाले नातावाद, कृपावाद र भ्रष्टाचार सहन नसक्ने जिकिर गरिन्।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा आज सैनिकमञ्च टुँडीखेलमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले प्रजातन्त्रको वास्तविक अर्थ जनताको जीवनमा देखिनुपर्ने बताइन्।

उनले भनिन्, "प्रजातन्त्रको वास्तविक झल्को अन्त कहीँ होइन, आम मानिसको मुहारमा झल्किने आनन्ददायी मुस्कान र उनीहरूको निस्फिक्री निद्रामा झल्कनुपर्छ।"

प्रधानमन्त्री कार्कीले युवाको ऊर्जा, नैतिक आक्रोश र परिवर्तनको आकांक्षालाई सम्बोधन नगरी राष्ट्र अघि बढ्न नसक्ने स्पष्ट पारिन्। "म स्पष्ट रूपमा भन्न चाहन्छु( युवालाई तिरस्कार गरेर कुनै राष्ट्र शान्त रहन सक्दैन। युवामा ऊर्जा छ, नैतिक क्रोध छ र परिवर्तनको



आकांक्षा छ। उसले नातावाद, कृपावाद र भ्रष्टाचार सहँदैन। त्यो असन्तोषलाई दबाएर होइन, सम्बोधन गरेर मात्र राष्ट्र अघि बढ्न सक्छ," उनले भनिन्।

*निर्वाचनमा सरकारको सम्पूर्ण शक्ति*

प्रधानमन्त्री कार्कीले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वस्थ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सरकारले सम्पूर्ण शक्ति लगाएको बताइन्। निर्वाचनले "नयाँ युगको ढोका उघार्ने" विश्वास व्यक्त गर्दै उनले त्यसका लागि सरकार पूर्ण रूपमा क्रियाशील रहेको जानकारी दिइन्।

"निर्वाचनलाई स्वस्थ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गरी मुलुकलाई दिगो लोकतान्त्रिक स्थायित्वको नयाँ युगतर्फ अग्रसर गराउन हामीले सम्पूर्ण ऊर्जा लगाएका छौं," उनले भनिन्।

नेपालको निर्वाचन इतिहासमा वि.सं. २०१५ साल फागुन ७ गतेदेखि पहिलो प्रजातान्त्रिक निर्वाचन सुरु भएको स्मरण गर्दै उनले आगामी निर्वाचन तोकिएकै मितिमा विश्वसनीय वातावरणमा सम्पन्न हुने सुनिश्चित भएको बताइन्। दिगो लोकतान्त्रिक स्थायित्वका लागि स्वस्थ र निष्पक्ष निर्वाचन अपरिहार्य रहेको उनको जोड थियो।

*लोकतन्त्र नतिजामुखी हुनुपर्छ*

प्रधानमन्त्री कार्कीले लोकतन्त्र केवल प्रक्रिया मात्र नभई नतिजा दिने प्रणाली हुनुपर्नेमा जोड दिइन्। विधिको शासन सुदृढ गर्नुपर्ने उल्लेख गर्दै उनले प्रक्रियाको नाममा नागरिकलाई अल्झाएर राख्ने, ढिलासुस्ती गर्ने र हैरानी दिने प्रवृत्ति लोकतन्त्रको अभ्यास नभई बेथिति भएको बताइन्।

२३ र २४ भदौको घटनापछि गठन भएको सरकारले जेनजी आन्दोलनको आवाजलाई गम्भीरतापूर्वक लिएको उल्लेख गर्दै उनले सुशासन, पारदर्शिता, समन्याय र जवाफदेहितालाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा प्रयास भइरहेको बताइन्।

असामान्य अवस्थालाई सामान्यीकरण गर्दै शान्ति( सुव्यवस्था बहाली गर्नु र छोटो समयमै निर्वाचनको सबल वातावरण बनाउनु सरकारको प्राथमिक दायित्व रहेको पनि उनले स्पष्ट पारिन्।

निर्वाचनबाट आउने संसद् र सरकारले लोकतन्त्रलाई अझ जीवन्त, नतिजामुखी र जनउत्तरदायी प्रणालीका रूपमा अघि बढाउने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री कार्कीले संस्कारयुक्त राजनीति, जवाफदेही शासनशैली र सामाजिक न्यायसहितको समृद्धिका लागि सबैलाई एकजुट हुन आह्वान गरिन्।

## दलित.....

अध्यक्ष जेबी विश्वकर्माले २०४८ सालदेखि दलित समुदाय निर्वाचनमा सहभागी हुँदै आए पनि उनीहरूको आधारभूत अधिकार सुनिश्चित हुन नसकेको बताए। "दलितहरूको भोट चल्छ, तर पानी चल्दैन," भन्दै उनले संविधान जारी भएको दशक बितिसक्दा पनि धारा २४ र ४० अनुसार आवश्यक कानुन निर्माण नभएको गुनासो गरे। राजनीतिक दलहरू दलित मुद्दामा उदासीन रहेको आरोप लगाउँदै उनले आगामी निर्वाचनमा दलितका सवाल नसमेट्ने उम्मेदवारलाई बहिष्कार गरिने बताए। जनयुद्धकालमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले दलित मुक्ति र अन्तरजातीय विवाहलाई प्रोत्साहन गरे पनि शान्ति प्रक्रियापछि ती प्रतिबद्धता कार्यान्वयन नभएको उनको टिप्पणी थियो।कार्यक्रममा अधिवक्ता चक्रमान विश्वकर्माले जेनजी विद्रोहले सामाजिक न्यायका मुद्दा ओझेलमा परेको बताए। उनका अनुसार राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा दलित तथा महिलाका संवैधानिक अधिकार कार्यान्वयनका विषयलाई प्राथमिकता दिएका छैनन्। "उम्मेदवारहरू विकासका सपना देखाएर भोट मागिरहेका छन्, तर न्याय र समानताको मुद्दा बोकेर कोही घरदैलो गएका छैनन्," उनले भने। संसद् विकासभन्दा बढी कानुन निर्माण र सामाजिक न्याय सुनिश्चित गर्ने थलो भएको उल्लेख गर्दै उनले सामाजिक न्यायका पक्षधर उम्मेदवारलाई मात्र मत दिन आग्रह गरे।

यसै अवसरमा काठमाडौं क्षेत्र नम्बर ५ का उम्मेदवार श्यामकाजी सुनुवारले पुराना दलहरू सुध्रिन नसकेको र आफूलाई नयाँ भन्नेहरू पनि स्पष्ट एजेन्डाविहीन रहेको आरोप लगाए। उनले राष्ट्रिय स्वतन्त्र पार्टीसँग स्पष्ट नीति र कार्यक्रम नभएको टिप्पणी गर्दै नयाँ नेतृत्वको नाममा भ्रम सिर्जना भइरहेको दाबी गरे।

# जाडोमा कम पानी पिउनु किन हुन सक्छ खतरनाक ?

गर्मी मौसममा पसिना आउने हुनाले हामीले प्रायः हातमा पानीको बोतल बोकिरहन्छौं । घरबाट निस्कँदा, बाटोमा हिँड्दा वा घर फर्किंदा हामी तिर्खा मेटाउन पानी पिइरहन्छौं । तर, जाडो सुरु हुन साथै यो बानी परिवर्तन हुन्छ । भनौं न, पानीको बोतलसँग हाम्रो दूरी बढ्दै जान्छ ।



अहिले नेरुपालमा गर्मी याम सुरु हुनै लागेको छ । तर पनि काठमाडौंसहित धेरै भेगमा अझै जाडो छ । यस्तोमा तपाईंले कहिल्यै सोच्नुभएको छ, जाडोमा प्यास किन लाग्दैन ? त्यसले के असर गर्छ ? के त्यो बानी सामान्य हो?

*जाडोमा पनि शरीरलाई उत्तिकै चाहिन्छ पानी*

स्वास्थ्य विज्ञहरूका अनुसार जाडो मौसममा हाम्रो प्यास कम हुन्छ । पसिना पनि कम आउँछ । यसकारण नै हामीलाई शरीरलाई पानी कम चाहिएको भान हुने गर्छ । यस्तोमा धेरैले त बारम्बार शौचालय जानुपर्ने डरले पनि जानीजानी पानी कम पिउने गर्छन् ।

तर, वैज्ञानिक रूपमा नै जाडोमा पनि शरीरलाई गर्मीमा जत्तिकै पानीको आवश्यकता पर्ने पुष्टि भइसकेको छ । जाडो मौसममा मिर्गौलाले पिसाबको माध्यमबाट बढी पानी बाहिर निकाल्छ । साथै घर वा कार्यालयमा प्रयोग गरिने हिटर र इन्डोर हिटिङ सिस्टमले हावालाई सुक्खा बनाइरहेको हुन्छ । यसो हुँदा छाला र श्वासप्रश्वासको माध्यमबाट शरीरको पानी खेर गइरहेको हुन्छ ।

त्यस्तै बाक्लो लुगा लगाउनाले पसिना नदेखिए पनि शरीरबाट सूक्ष्म रूपमा पानी बाहिर निस्किरहेको हुन्छ । तर, पानी कम पिउँदा शरीरमा क्रोनिक डिहाइड्रेसन (लामो समयसम्म पानीको कमी) हुन सक्छ, जसले मिर्गौलाको पत्थरी र मूत्रमार्गको संक्रमणको जोखिम बढाउँछ ।

*प्यास किन कम लाग्छ ?*

जाडो मौसममा शरीरले तापक्रम जोगाउन रक्तनलीहरूलाई खुम्च्याउने गर्छ । यसले गर्दा शरीरको भित्री भागमा रगतको मात्रा बढी देखिन्छ । र, मस्तिष्कलाई शरीरमा पानी पर्याप्त छ भन्ने भ्रम हुन्छ । यसैकारण प्यास लाग्ने क्षमता ४० प्रतिशतसम्म कम हुन सक्ने स्वास्थ्य विज्ञहरू बताउँछन् । तर, शरीरको आधारभूत आवश्यकता भने साढे दुईदेखि तीन लिटर पानी नै रहन्छ ।

*कम पानी पिउँदा हुने गम्भीर समस्या*

हाम्रो शरीरको करिब ६० प्रतिशत भाग पानीले बनेको हुन्छ । पानीले नै रगतको माध्यमबाट अक्सिजन र पोषक तत्वहरू शरीरका कोषहरूसम्म पुर्‍याउँछ । तर, कम पानी पिउँदा मुटु र मस्तिष्कको जोखिम बढ्छ । किनकि पानी कम हुँदा रगत बाक्लो हुन्छ । बाक्लो रगत पम्प गर्न मुटुलाई बढी मेहेनत गर्नुपर्छ, जसले रक्तचाप बढाउँछ । यसले मस्तिष्कघात र हृदयाघातको जोखिम निम्त्याउछ ।

त्यस्तै मिर्गौलाको समस्या पनि उत्तिकै हुन्छ । किनकि पानीको कमीले मिर्गौलामा दबाब पर्छ । यस्तो हुँदा पत्थरी बन्ने सम्भावना धेरै रहन्छ । पाचन प्रणालीमा समस्या हुने, मानसिक र शारीरिक थकान हुने त सामान्य भइहाले । थकान बढी लाग्छ, टाउको दुख्छ, चक्कर लाग्छ, छटपटी र आलस्य हुन्छ भने त्यो पनि शरीरमा पानी कम भएको संकेत हो ।

*कसलाई बढी खतरा छ ?*

विशेषतः शरीरमा पानीको अभाव हुँदा वृद्धवृद्धा र दीर्घरोगीलाई नै बढी खतरा हुन्छ । किनकि उनीहरूलाई पहिल्यै उच्च रक्तचाप, मधुमेह र मुटुको समस्या भएको हुन सक्छ । त्यस्तोमा पानी कम हुँदा बढी खतरा हुने हो । त्यस्तै हर्मोनल परिवर्तनका कारण महिलाहरूमा डिहाइड्रेसनले महिनावारीको दुखाइ बढाउने, ग्यास हुने र मुड स्विङ्स जस्ता समस्या समेत देखिन्छन् ।

## राष्ट्र, चेतना.............

केवल अविश्वास, भय र विखण्डनको बीउ मात्र रोप्छ । अतः यी समस्याहरू हाम्रा आन्तरिक समस्याहरू हुन् र यसको समाधान पनि आन्तरिकै हुनुपर्छ ।

उत्तर अब कुनै एउटा पक्षको आवेग, प्रतिशोध वा उत्तेजनामा होइन, सामूहिकतामा खोजिनुपर्छ । सर्वोच्च अदालत, सिंहदरबार, कारागार वा निजी संरचनासँग नेपालीले के व्यक्तिगत वैर राख्थे र ती निसानामा परे ? एकछिन गम्भीर भएर विचार गरौं त ।

राष्ट्रको भविष्य निर्धारण गर्ने युवापुस्ता त्यसमा पनि विद्यार्थी नै यस्तो क्रियाकलापमा संलग्न हुन्छन् भने त्यो केवल आन्दोलनको स्वरूपमात्र नभई हाम्रो शिक्षा प्रणाली, सामाजिक संस्कार र समाजको चेतमाथि गम्भीर प्रश्नचिह्न उभ्याउने विषय होइन र ?

देश निर्माणको आधारस्तम्भको रूपमा रहने युवापुस्ता नै पुनर्निर्माण छोडेर आगो समात्छ तिर लाग्छ भने यो हाम्रो शिक्षा प्रणाली र समाजमा गहिरो विकृति प्रवेश गरिसकेको स्पष्ट संकेत हो । हामीलाई आगो बाल्न सिकाउने शिक्षा होइन, राष्ट्र निर्माणको विवेक र चेतना आवश्यक छ । किनकि अन्ततः राष्ट्रहरू नाराले होइन, चेतनाले बाँच्छन् र यही चेतनाको पुनर्स्थापनामा आजको नेपालको वर्तमान र भोलिको भविष्य निर्भर छ ।

साँचो प्रजातन्त्रः बी.पी.को राष्ट्रिय मेलमिलाप र पृथ्वीपथको संगम

नेपाल आज केवल आर्थिक र शासकीय संकटको मात्र सामना गरिरहेको छैन । यो राष्ट्र स्वयं आफ्नो ऐतिहासिक दृष्टि र वैचारिक दिशाबोध गुमाएको गम्भीर संकटको डिलमा उभिएको छ । जब कुनै राष्ट्रले आफ्नो मार्गदर्शक दर्शन बिर्सन्छ तब राजनीति लक्ष्यहीन बन्छ र जनता निराशाको गर्तमा धकेलिन्छन् । यही दिशाहीनताको घडीमा इतिहासले हामीलाई दुई महान् वैचारिक धरोहर स्मरण गराइरहेको छ ती हुन्, बी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको मार्ग र पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको गन्तव्य ।

युग फरक भए पनि यी दुई विचारको अन्तिम ध्येय एउटै हो; राष्ट्रको अस्तित्व, स्वाधीनता, आन्तरिक एकता, साझा समुन्नती र दीर्घकालीन स्थायित्व । स्मरण रहोस्, बी.पी. कोइरालाले मेलमिलापको आह्वान गर्दा कुनै राजनीतिक सौदाबाजी प्रस्ताव गरेका थिएनन् । उहाँले इतिहासको कठोर यथार्थ बुझेका थिए ।

निरन्तर वैचारिक टकरावले राष्ट्र कमजोर बनाउँछ भन्ने उनले बुझेका थिए । मेलमिलापले राष्ट्रलाई बाँच्ने शक्ति दिन्छ भन्ने आट र दृष्टि उहाँमा थियो । मेलमिलाप घुँडा टेक्नु होइन, राष्ट्रलाई सर्वोपरि राख्नु हो भन्ने गहिरो दार्शनिक सत्य आज बी.पी.को नाममा राजनीति गरेर जीविकोपार्जन गर्नेहरूले सम्झने कि बिर्सने भन्ने प्रश्नमै नेपाली कांग्रेसको मात्र होइन देशको भविष्य निर्भर छ ।

त्यसैगरी पृथ्वीनारायण शाहको "पृथ्वीपथ" केवल भौगोलिक एकीकरणको परियोजना वा राज्य विस्तारकोरुपमा मात्र बुझ्नु हुन्न । कम्तिमा राजनीति गर्छु भन्ने नयाँ-पुराना सबैले बरु त्यो त नेपाल भित्रका विविध जाति, भाषा, भूगोल र हितलाई एउटै राष्ट्रिय चेतनामा बाँध्ने ऐतिहासिक दृष्टिपथ थियो भनेर बुझ्नैपर्छ ।

तर आजको नियती के छ भने नेपाली कांग्रेसले बी.पी.को नाम उच्चारण गर्छ, तर उहाँको राष्ट्रिय मेलमिलापको आत्मालाई क्रमशः विस्मृत गर्दै विभाजन, निषेध र बिग्रह केन्द्रित राजनीतिमा फँसिरहेको छ ।

गुटमा विभक्त हुँदै विचारभन्दा पदलाई, राष्ट्रभन्दा आन्तरिक शक्ति-सन्तुलनलाई प्राथमिकता दिँदा कांग्रेस स्वयं दिशाहीन बन्दै गएको छ । यो यथार्थ हो । कस्तुरी आफैंभित्र हुन्छ, तर मृग मृगतृष्णाको पछि लाग्छ । आज कांग्रेसभित्रको सत्य पनि यस्तै कठोर छ ।

अब त भन्नैपर्छ; कांग्रेस र राजसंस्था वा व्यापक अर्थमा ऐतिहासिक राष्ट्रिय शक्तिहरूबीच न्यूनतम समझदारी नबनेसम्म नेपाल स्थायित्वको बाटोमा प्रवेश गर्न एक, दुई, तीन सक्दै-सक्दैन ।

त्यसै पनि नेपालको राजसंस्था विचार, व्यक्ति र वादभन्दा पर रहेको ऐतिहासिक राष्ट्रवादी यथार्थवाद हो । यो सत्यलाई स्वीकार गर्दा नेपालको हित नै हुन्छ । नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील देशमा ऐतिहासिक शक्तिहरूबीच स्थायी द्वन्द्व राष्ट्रघाती विलासिता मात्र हो भन्ने कुरा अब सबैले बुझ्नैपर्छ । यदि जनता र राजाजस्ता इतिहासका दुई ठूला राष्ट्रिय आस्था र विश्वासका प्रतीक अब पनि मिल्न सकेनन् भने, देशलाई इन्द्रको बाऊ चन्द्र आए पनिबचाउन सक्दैन । किनकि राष्ट्र बाहिरी शक्तिले होइन, आन्तरिक एकताले बच्छ । राष्ट्र भाषणले होइन, साझा न्यूनतम सहमतिले बच्छ ।

राजनीतिक दर्शनको एउटा कठोर सत्य छ; इतिहास र वर्तमानबीच सेतु बने राष्ट्र टिक्छ; त्यो सेतु भत्किए राष्ट्र ढल्छ । आज नेपाल त्यो सेतु बन्ने कि भत्काउने भन्ने निर्णायक मोडमा उभिएको छ ।

समय अझै बाँकी छ । बाटो अझै खुला छ । प्रश्न केवल इच्छाशक्ति र सच्चा मनको हो ।

*निचोडः राष्ट्र निर्माणको आत्मा जोगाऔं*

अन्त्यमा, राष्ट्र निर्माण कुनै एक व्यक्तिको दूरदृष्टि, कुनै एक सरकारको कार्यकाल वा कुनै एक पुस्ताको परियोजना होइन । यो त समयसँगै बग्ने सभ्यतागत साझा जिम्मेवारी र उत्तरदायित्व हो । जसको संवाहक हरेक पुस्ता हो र जसको भार हरेक नागरिकको कर्ममा निहित हुनुपर्दछ ।

सर्वप्रथम, राष्ट्रप्रतिको उत्तरदायित्व कानुनी दायित्वभन्दा पहिले नैतिक दायित्व हो भन्ने बुझौं । विखण्डनको राजनीतिभन्दा माथि उठेर, विभाजनकारी चेतनाभन्दा पर गएर, दरिलो, दिगो र समावेशी राष्ट्रिय एकतासहितको प्रजातान्त्रिक राज्य व्यवहार पुनःस्थापना गर्नु आज हामी सबै नेपालीको साझा अभिभारा हो भन्नेचेत राखौं ।

राष्ट्र दुर्बल हुँदा केवल व्यवस्था विफल हुँदैन; भाषा, संस्कृति, स्वाभिमान र भविष्यको सामूहिक प्रतिज्ञा नै क्षीण हुन थाल्छ । व्यवस्था फेरिनसक्छ, संविधान संशोधित हुनसक्छ, तर अस्तित्व एकपटक क्षतिग्रस्त भयो भने त्यसको पुनर्निर्माण इतिहासकै कठोरतम साधना बन्छ । त्यसैले राष्ट्रबोध कुनै बिम्ब होइन; त्यो सभ्यताको आत्मसंरक्षणात्मक विवेक हो ।

राजनीतिक बहसहरू अस्थायी हुनसक्छन् तर अस्तित्वको प्रश्न स्थायी हुन्छ । यही स्थायित्वको चेतनाबाट यो सन्देशलाई पढ्न सके मात्र हामी समयप्रति इमानदार ठहरिनेछौं । नेपालको भोलि सुरक्षित राख्न यो अपरिहार्य छ ।

यस्तो विषम परिवेशमा यो राष्ट्रको आत्मा जोगाउने अन्तिम विकल्पमात्र होइन, भावी पुस्तालाई स्वाधीन भविष्य हस्तान्तरण गर्ने साझा संकल्प पनि हो । यसका लागि राष्ट्रिय जीवनका सबै पक्ष, पात्र र चरित्रमा आमुल पुनर्जागरण आवश्यक छ ।

तर, त्यो पुनर्जागरणमा विनाश होइन विवेकले, उन्माद होइन उत्तरदायित्वले र आयातित भ्रम होइन, स्वदेशी आत्मबोधले राष्ट्रको दिशा तय हुनुपर्छ । अब विलम्बको कुनै औचित्य छैन । समय स्वयंले हामीलाई आह्वान गरिरहेको छ । बुझौं, गम्भीर भएर सबैले आ-आफ्नो धरातलमा उभिएर इम्मनदारीका साथ आत्मसमीक्षा गरौं र राष्ट्र निर्माणमा जुटौं । प्रजातन्त्र दिवसको शुभकामना यही छः राष्ट्र सुदृढ रहोस्, चेतना जागृत रहोस्, अस्तित्व अक्षुण्ण रहोस् ।

# एमालेको घोषणापत्र–सपना कि सम्भावना ?

दैनिक समाचारदाता

काठमाडौं ७ फागुन । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आगामी प्रतिनिधिसभा निर्वाचन-२०८२ का लागि सार्वजनिक गरेको घोषणापत्र महत्त्वाकाङ्क्षी मात्र होइन, स्पष्ट रूपमा वितरणमुखी पनि देखिएको छ। आर्थिक रूपान्तरणका ठूलाठूला लक्ष्यदेखि लोकप्रिय सामाजिक कार्यक्रमसम्म समेटिएको यो दस्तावेजले मतदातालाई आकर्षित गर्ने प्रयास त गरेको छ, तर कार्यान्वयनको आधार भने पर्याप्त रूपमा स्पष्ट देखिँदैन।

घोषणापत्रको सबैभन्दा महत्त्वाकाङ्क्षी लक्ष्य नेपालको अर्थतन्त्रको आकार पाँच वर्षभित्र १०० खर्ब रुपैयाँ पुर्‍याउने घोषणा हो। हाल नेपालको अर्थतन्त्र करिब ५३ खर्ब रुपैयाँ हाराहारीमा रहेको अवस्थामा पाँच वर्षमै यसलाई झण्डै दोब्बर बनाउने लक्ष्य अत्यन्त चुनौतीपूर्ण देखिन्छ। यसका लागि वार्षिक औसत १५ देखि २० प्रतिशत आर्थिक वृद्धिदर आवश्यक पर्छ, जबकि नेपालको ऐतिहासिक औसत वृद्धि दर ४-५ प्रतिशतको सीमामा सीमित छ। विगतका संरचनागत समस्या, उत्पादनशील क्षेत्रको कमजोर अवस्था, आयातमुखी अर्थतन्त्र र राजनीतिक अस्थिरता जस्ता



कारकहरूलाई हेर्दा यस्तो तीव्र वृद्धि हासिल गर्न कठिन देखिन्छ।

प्रतिव्यक्ति आय पाँच वर्षमै ३ हजार अमेरिकी डलर पुर्‍याउने दाबी पनि त्यत्तिकै साहसिक छ। हाल नेपालीको औसत प्रतिव्यक्ति आय करिब १,४०० अमेरिकी डलरको आसपास छ। बितेका दशकौंमा हुन नसकेको छलाङ आगामी पाँच वर्षमै सम्भव हुने आधार घोषणापत्रमा स्पष्ट गरिएको छैन। उत्पादन र निर्यातमा आमूल परिवर्तनबिना यस्तो लक्ष्य हासिल गर्न कठिन हुन्छ, तर औद्योगिक पूर्वाधार, ऊर्जा उपयोग, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धनका ठोस योजना अझै अपर्याप्त देखिन्छन्।

***वितरणमुखी कार्यक्रम र वित्तीय चुनौती***

घोषणापत्रमा युवालाई १० जिबी निःशुल्क इन्टरनेट, २० लाख रुपैयाँसम्म निर्ब्याजी ऋण तथा सुत्केरी भत्ता २० हजार रुपैयाँ जस्ता लोकप्रिय कार्यक्रम समावेश छन्। यी कार्यक्रमले तत्काल जनआकर्षण त सिर्जना गर्न सक्छन्, तर दीर्घकालीन वित्तीय दायित्वको प्रश्न उठाउँछन्। करोडौं युवालाई निःशुल्क डाटा उपलब्ध गराउँदा लाग्ने खर्च, बैंकिङ प्रणालीमार्फत निर्ब्याजी ऋण उपलब्ध गराउँदा पर्ने भार र त्यसको प्रतिफलको स्पष्ट खाका प्रस्तुत गरिएको छैन।

ऋण मिनाहा र भत्ता वृद्धिका कार्यक्रमहरूले उत्पादनमूलक लगानीभन्दा उपभोगलाई प्रोत्साहन गर्ने जोखिम रहन्छ। राज्यकोषमा दीर्घकालीन दायित्व थपिँदा वित्तीय अनुशासनमा दबाब पर्न सक्छ। श्रमिकको न्यूनतम पारिश्रमिक मासिक २५ हजार रुपैयाँ पुर्‍याउने घोषणा पनि आकर्षक सुनिए तापनि हालको १७ हजार ३ सय रुपैयाँबाट एकैपटक झण्डै ४४ प्रतिशत वृद्धि सम्भव छ कि छैन भन्ने प्रश्न उठ्छ। निजी क्षेत्रको उत्पादन लागत, प्रतिस्पर्धात्मकता र रोजगारी सृजनामा यसको प्रभावबारे स्पष्ट विश्लेषण प्रस्तुत गरिएको छैन।

***प्रविधि र प्रशासनिक यथार्थ***

भ्रष्टाचार नियन्त्रणका लागि कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गर्ने घोषणा आधुनिक र दूरदर्शी जस्तो लाग्छ। तर नेपालको प्रशासनिक संयन्त्र अझै पूर्ण रूपमा डिजिटल पूर्वाधारमा आधारित भइसकेको छैन। सामान्य सरकारी सेवामै 'सर्भर डाउन' जस्ता समस्या देखिने अवस्थामा जटिल भ्रष्टाचारका मुद्दा एआईमार्फत समाधान गर्ने लक्ष्य तत्कालीन यथार्थसँग मेल खाने देखिँदैन। प्रविधि उपयोगका लागि आवश्यक डेटा व्यवस्थापन, साइबर सुरक्षा र दक्ष जनशक्तिको तयारीबारे स्पष्ट योजना आवश्यक देखिन्छ।

समग्रमा, एमालेको घोषणापत्रले आशा र सपना त देखाएको छ, तर ती सपना पूरा गर्न आवश्यक वित्तीय स्रोत, संरचनागत सुधार र कार्यान्वयन रणनीति कति यथार्थपरक छन् भन्ने प्रश्न अनुत्तरित छ। चुनावी प्रतिस्पर्धामा आकर्षक वाचा महत्त्वपूर्ण हुन सक्छन्, तर दीर्घकालीन आर्थिक स्थायित्व र सुशासनका लागि यथार्थवादी योजना र पारदर्शी स्रोत व्यवस्थापन अपरिहार्य हुन्छ।

# भ्रष्टाचार, अन्याय र विभेदविरुद्ध अघि बढौं : रवि लामिछाने

दैनिक समाचारदाता

काठमाडौं ७ फागुन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले भ्रष्टाचार, अन्याय र विभेदविरुद्ध अघि बढ्न आह्वान गरेका छन् । प्रजातन्त्र दिवसको शुभकामना दिँदै उनले प्रजातन्त्रको मर्मलाई आत्मसात गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका हुन् । 'प्रजातन्त्रको मर्मलाई आत्मसात गर्दै भ्रष्टाचार, अन्याय र विभेदविरुद्ध एकजुट भई सुशासन र समृद्धिको यात्रामा अघि बढौं, प्रजातन्त्र दिवसको शुभकामना,' उनले लेखेका छन् ।



यसका साथै, बुधबार सुरु भएको रमजान महिनाको अवसरमा उनले मुस्लिम समुदायलाई मुवारक भनेका छन् । 'यस महिनाले शान्ति, सहिष्णुता, सद्भाव र एकताको भावना अझ सुदृढ बनाउन प्रेरित गरोस्,' उनले भने ।


# सर्लाहीमा तीन मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

दैनिक समाचारदाता

सर्लाही ७ फागुन । सर्लाहीको ईश्वरपुर नगरपालिका(१३ मा तीनवटा मोटरसाइकल आपसमा ठोक्किँदा दुई युवाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी सरोज राईका अनुसार गएराति करिब ८ बजेतिर भएको दुर्घटनामा सर्लाहीको हरिपुर्वा नगरपालिका(९ मिर्चैया निवासी करिब ३० वर्षीय मुकेश राय र सोही स्थानका ३० वर्षीय रामज्ञान रायको मृत्यु भएको हो ।

दुर्घटनास्थलमा अचेत अवस्थामा फेला परेका दुवैलाई मलंगवास्थित प्रादेशिक अस्पताल लगिएको थियो । उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए ।



दुर्घटनामा हरिपुर्वा नगरपालिका(९ कै २२ वर्षीय विक्रम राय र रामविश्वास राय सामान्य घाइते भएका छन् । घटनाबारे अनुसन्धानका लागि उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

ईश्वरपुर नगरपालिका(१३ अन्तर्गत बाँके(संग्रामपुर सडकखण्डको ठिल्ला नजिक भारतीय नम्बर प्लेटका तीनवटा मोटरसाइकल दुर्घटनाग्रस्त अवस्थामा फेला परेका थिए । घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रास्वपाको १०० आधारसहित चुनावी बाचापत्र सार्वजनिक

दैनिक समाचारदाता

काठमाडौं ७ फागुन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार' समेटेर आफ्नो चुनावी बाचापत्र सार्वजनिक गरेको छ। 'थिति बसाल्ने सङ्कल्प' नारासहित बिहीबार सर्खेतबाट सार्वजनिक बाचापत्रमा शासकीय सुधार, भ्रष्टाचार नियन्त्रण, डिजिटल सुशासन र चुस्त सेवा प्रवाहलाई मुख्य प्राथमिकता दिइएको छ।

बाचापत्रमार्फत रास्वपाले सार्वजनिक सेवा लिन नागरिकले लाइन बस्नुपर्ने बाध्यता अन्त्य गरी 'लाइन होइन, अनलाइन' प्रणाली लागू गर्ने प्रतिबद्धता जनाएको छ। सरकारी कार्यालयमा बिचौलिया प्रथाको अन्त्य गर्ने र राष्ट्रिय परिचयपत्रलाई एकीकृत सेवाको आधार बनाउने योजना पनि प्रस्तुत गरिएको छ।

भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा वि.सं. २०४६ सालपछि



सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने तथा विगतका भ्रष्टाचारसम्बन्धी फाइलहरू पुनः खोल्ने नीति लिइने उल्लेख छ। साथै, पार्टीले कुनै पनि प्रकारका भातृ संगठन नखोल्ने र शिक्षा, स्वास्थ्य तथा सार्वजनिक संस्थानलाई दलीय राजनीतिबाट पूर्ण रूपमा मुक्त गर्ने घोषणा गरेको छ। अर्थतन्त्रतर्फ डिजिटल अर्थतन्त्र प्रवर्द्धन, स्टार्टअप प्रोत्साहन र 'मेक इन नेपाल' अभियानमार्फत उत्पादनमुखी तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ।

वैदेशिक रोजगारीमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्न आई-भोटिङ प्रणाली लागू गर्ने र 'एक पटकको नेपाली, सधैँको नेपाली' अवधारणाअनुसार गैर-आवासीय नेपालीलाई अधिकार सम्पन्न बनाउने विषयलाई पनि प्राथमिकताका साथ उठाइएको छ। वातावरण संरक्षण, पूर्वाधार विकास र सामाजिक न्यायका विषय समेट्दै रास्वपाले समुन्नत नेपालको रूपरेखा प्रस्तुत गरेको जनाएको छ।




# मानन्धरसहित चार नेता कांग्रेसमा प्रवेश

दैनिक समाचारदाता

काठमाडौं, ७ फागुन । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पूर्व केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रामवीर मानन्धरसहित चार जना नेता नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।

काठमाडौंमा आज आयोजित कांग्रेस सभापति गगन थापासँग प्रतिज्ञापत्रसम्बन्धी खुला प्रश्नोत्तर कार्यक्रममा उनीहरू कांग्रेसमा प्रवेश गरेका हुन्।

पूर्वमन्त्री मानन्धर २०७४ सालमा निर्वाचित सांसद हुन्। यसअघि २०४९ सालमा उनले काठमाडौं महानगरपालिका-१६ का वडा अध्यक्षको जिम्मेवारी सम्हालेका थिए।

उनसँगै कांग्रेस प्रवेश गर्नेमा नेकपाका केन्द्रीय सदस्य दीपक



केसी, रसुवा एमालेका पूर्वअध्यक्ष जनार्दन ढकाल तथा काठमाडौं-५ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारका आकांक्षी डा. प्रणयशम्शेर राणा रहेका छन्।

राणा २०७९ सालमा कांग्रेस छोडेर रास्वपा प्रवेश गरेका थिए। सोही वर्ष सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उनी रास्वपाबाट काठमाडौं-५ का उम्मेदवार बनेका थिए।

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४